जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३४ अंक ७९ २०८१ साल कात्तिक ३ गते शनिबार (19 Oct. 2024 Saturday) मूल्य रु. ५/-


बाढीबाट बच्ने उपायहरु
नियमित कृत्रिम घटना अभ्यास गर्ने ।
नदिको किनारमा समुदायका मानिसहरू मिलेर ग्याबिन जाली भर्ने ।
झटपट झोला घरमा सधैं तयारी अवस्थामा राख्ने ।
समुदायका मानिसहरू मिलेर घरधुरी/सामुदायिक विपद् पूर्व तयारी योजना निर्माण गर्ने ।
बाढीबाट सुरक्षाको लागी पूर्व चेतावनी प्रणाली स्थापना भएबमोजिम गर्ने । यदि बाढी आएमा समावेशी सुरक्षित स्थान तर्फ जाने ।
सुरक्षित स्थान

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : विपद् प्रभावित स्थानीय तहलाई.. ३ पृष्ठमा : भारतबाट दुई लाख मेट्रिक टन ... ३ पृष्ठमाहमास प्रमुखको मृत्यु भएको

सडकपेटीबाट एकै दिन चार महिलासहित १६ जना सडक आश्रित मानवको उद्धार

दैनिक समाचारदाता
राजविराज, २ कात्तिक ।
मेची-महाकाली राष्ट्रिय उद्धारयात्रा २०८१ अन्तर्गत शुक्रवार सप्तरीबाट १६ जना सडक आश्रित मानवनको उद्धार गरिएको छ ।

असोज २६ गते देखी कोशी प्रदेशको मेची पुलबाट “यो पटकको चाडपर्वमा कसैले वस्न नपरोस सडकपेटीमा ”सहयोगापेक्षी सडक मानव मुक्त राष्ट्र निर्माण गरौ, उनीहरुको खाना, नाना र छानाको प्रबन्ध गरौ लगायतका नारा र मुल भावनाका साथ सूरु भएको ३२ दिने अभियान यात्रा कार्यक्रम अन्तर्गत शुक्रवार सप्तरीबाट १६ जना सडकमा आश्रित मानवको उद्धार गरिएको हो ।

जिल्लाको विभिन्न स्थानबाट अभियानका टोलीद्वारा सडकपेटी तथा सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा भेटिएका मानवको उद्धार गरिएको मानव सेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले बताए । मानवताको देशका रुपमा नेपाललाई अघि बढाउन पनि यस्तो अभियान लिएर मेची-महाकाली यात्रामा निस्केको उनले बताए ।

उनले सडक मानवको उद्धार कार्यलाई सरकारको मात्रै जिम्मामा छाडी दिनु भन्दा सबैले आ-आफ्नो क्षेत्रबाट भुमिका खेल्नु पर्ने आवश्यक्ता रहेको बताए ।

आश्रमकी अभिभावक एंव आनी छोइङ डोल्मा फाउण्डेशनकी अध्यक्ष आनी छोइङ डोल्माले मानव सेवा नै राष्ट्र सेवा हो भन्दै यस्ता कार्यले मनबाट विकारजन्य सोच हटाई मानवीय सेवामा लाग्ने प्रेरणा प्रदान गर्ने बताईन । उनले रिस, राग, द्वेष, अहंकार लगायतका कुभावनाहरु त्यागेर मानव सेवामा लाग्न आग्रह समेत गरिन ।

टोलीको स्वागत गर्दै मधेश प्रदेशका पूर्व शिक्षा मन्त्री महेश प्रसाद यादवल सडक मानव उद्धार कार्यले आफु जस्ता राजनीतिकर्मी समेतलाई यस्तो पुण्य कार्यमा लाग्न प्रेरणा दिएको भन्दै यस अभियानमा आफनो तर्फबाट हुन सक्ने सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । उनी आश्रमलाई विगत १ वर्ष देखि आफनो ब्यक्तीगत तर्फबाट वार्षिक १२ हजार रुपैया उपलब्ध गराउँदै आएका छन ।

राजविराज नगरपालिका कार्यवाहक नगर प्रमुख इसरत परवीनले यस्ता अभियानले सडक आश्रित मानवको कल्याण र जीवनमा सुधार ल्याउन मदत पुऱ्याउने बताईन । सडकमा आश्रित मानवहरुको संख्या राजविराज नगरक्षेत्रमा पनि बढदै गएको भन्दै उनले उनीहरुको व्यवस्थापनका लागी राजविराजमा पनि आश्रमको कार्यालय संचालन गर्न आग्रहसहित त्यसका लागी जग्गा उपलब्ध गराउन नगरपालिका तत्पर रहेको बताईन ।

लायन्स क्लब ३२५ का डिस्ट्रीट गर्भनर शंकर शारदाले राजविराजमा आश्रम भवन बनाउने निश्चित भए आफुले २ करोड रुपैयाको सहयोग उपलब्ध गराउनका लागी पहल गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिव नारायण साह, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, इन्सेक प्रतिनिधी मनोहर पोखरेल लगायतले आश्रमको अभियानको प्रशंसा गर्दै सफलताको शुभकामना दिएका थिए । उद्धार गरिएका १६ जनालाई कपाल काटी, नुहाईधुवाइ गरेर टोली संगै भोजन समेत गराई शुक्रवार नै मानव सेवा आश्रम जनकपुर लगिएको सो संस्थाले जनाएको छ ।

यसअघि मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा असोज २६ गतेदेखि सुरु भएको उद्धार यात्रामा पहिलो दिन झापाबाट १२ जना, दोस्रो दिन मोरङबाट चार जना र तेस्रो दिन सुनसरीबाट १२ जना उद्धार गरिएको थियो । उद्धार यात्रामा गायिका आनीछोइङ डोल्मा र मानवसेवा आश्रमका अध्यक्ष अधिकारीसहित ४७ जना सहभागी हुनुहुन्छ । उद्धार यात्रा ३२ दिनपछि कात्तिक २८ गते सम्पन्न हुनेछ ।

एमाले-काँग्रेस गठबन्धनको सरकार पूर्ण असफल भइसक्यो : उपेन्द्र यादव

दैनिक समाचारदाता
राजविराज, २ कात्तिक ।
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले एमाले-काँग्रेस नेतृत्वको बर्तमान गठबन्धन सरकार पुर्ण रुपले असफल भएको दाबी गरेका छन् ।

जसपा नेपाल सप्तरीद्वारा शुक्रबार राजविराज आयोजित “जनतासंग जसपा नेपाल आधारभूत संगठन निर्माण अभियान” अन्तर्गत

बाँकी तीन पृष्ठमा

बाढी प्रभावित २ सय २२ परिवारलाई नगद सहयोग, राहत बितरण व्यवस्थित बनाउन माग

दैनिक समाचारदाता
राजविराज, २ कात्तिक ।
बाढीबाट प्रभावित सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका २ सय २२ परिवारले राहत स्वरुप नगद रकम प्राप्त गरेका छन् ।

शुक्रबार हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ९ कार्यालयमा आयोजित “कोशीबाढी प्रभावित घरधुरीका लागि नगद हस्तान्तरण कार्यक्रम”मा यस्तो सहयोग उपलब्ध गराइएको हो ।

विश्व खाद्य कार्यक्रमको सहयोग, सेवक नेपालको आयोजना तथा ९ नं. वडा कार्यालयको समनवयमा उक्त वडाका २ सय २२ परिवारलाई जनही १५ हजारका दरले नगद सहयोग उपलब्ध गराइएको हो ।

पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना अन्तरगत उक्त पालिकाका बाढी प्रभावित घरधुरीका करिब १ हजार ३ सय भन्दा बढी बाढी पीडितले हालसम्म नगद सहयोग प्राप्त गरिसकेको सेवक नेपाल संस्थाका कार्यक्रम प्रमुख मुरारी शुक्लाले बताए ।

उनले कोशी बाढीबाट प्रभावित व्यक्तिको पहिचान सम्बन्धीत वडा कार्यालय, स्थानीय विपद् व्यवस्थापन समितिका प्रतिनिधि तथा सुरक्षा निकायका प्रतिनिधिसमेत राखेर निश्पक्ष ढंगले चयन गरिएको दाबी समेत गरेका छन् ।

वडाअध्यक्ष हरिचन्द्र बर्माले पनि बाढी प्रभावित क्षेत्रको स्थलगत निरिक्षण पश्चात् सुविधा पाउने पीडितको

बाँकी अन्तिम पृष्ठमा

पूर्व गृहमन्त्री लामिछाने पक्राउ

दैनिक समाचारदाता
राजविराज, २ कात्तिक ।
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई प्रहरीले शुक्रबार साँझ पक्राउ गरेको छ ।

पूर्वउपप्रधान एवं गृहमन्त्री समेत रहेका अध्यक्ष लामिछानेलाई पार्टी मुख्यालय बनस्थलीबाट सीआईबीको टोलीले पक्राउ गरेको हो ।

सुर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न आरोपमा अनुसन्धान गर्न कास्की जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएसँगै उनी पक्राउ परेका हुन् ।

सुर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गितेन्द्रबाबु (जीबी) राईसँग मिलेर लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ ।

पूर्वडीआईजी छविलाल जोशी, राई र लामिछानेले सञ्चालन गरेको गोर्खा मिडिया नेटवर्कमा पाँच वटा सहकारीबाट ६५ करोड ५४ लाख अवैध तरिकाले आएको सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिको निष्कर्ष छ ।

लामिछाने गोर्खा मिडियाका निर्देशक थिए । गोर्खा मिडियामा आएको रकम लामिछानेले खर्च गरेका हुन् । रकम अपचलनमा संलग्न आरोपमा पूर्व डीआईजी छविलाल जोशी असोज ६ मा पक्राउ परेका थिए ।

सम्पादकीय

कृषिमा सुधारको आवश्यकता

नेपाल कृषि प्रधान मुलुक रहेपनि हाल कृषि क्षेत्रको अवस्था निकै खस्किदो छ। कृषि योग्य जग्गाहरु मासिदै जानु, बाँझोपन तथा सिचाईको अभावमा कृषि नहुनुले कृषिको अवस्था खस्किदै गएको हो । त्यसमा पनि कृषिका लागि मजदुरको अभावले गर्दा कृषि क्षेत्र अझै अन्यौलग्रस्त अवस्था पुगेको छ। विगतमा नेपालमा उत्पादित खाद्यान्नहरु छिमेकी मुलुक भारतमा निर्यात गरिन्थ्यो । तर, अहिले त्यसको ठीक उल्टो भएको छ। हामीले भारतबाटै विभिन्न खाद्यान्नहरु आयात गर्नु पर्ने अवस्था आएको छ।

युवाहरु विदेश पलायनले गर्दा खेती गर्ने बेला मजदुरको अभाव देखिन्छ भने जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा निकै असर परिरहेको छ। चिसोका समयमा गर्मी, गर्मीको समयमा चिसो, अनुचित समयमा बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदै कृषि क्षेत्रलाई तहसनहसको अवस्थामा पु¥याएको छ। मौसमको बैमौसमी आवतजावतले हरेक क्षेत्र प्रभावित भइरहेको छ। जाडो मौसममा फल्ने फलफूल गर्मीमा फल्ने र गर्मीको जाड्ोमा जस्ता कामहरु पनि भइरहेको छ।

नेपाल जैविक विविधताले भरिएको देश भनेर चिनिन्छ। तसर्थ कृषि क्षेत्रलाई बैज्ञानिकीकरण गरेर अगाडी बढ्नुका साथै यसका लागि जनचेतना सँगै दिर्घकालिन योजना बनाएर तीनै तहका सरकारले अग्रसरता देखाउनु पर्छ।

विपद् प्रभावित स्थानीय तहलाई राहत उपलब्ध गराइने

काठमाडौँ, २ कात्तिक (रासस)।

विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको २७औँ बैठकले गत असोज १० गतेदेखि असोज १३ सम्म भारी वर्षापछिको बाढीपहिरो तथा डुबान प्रभावित स्थानीय तहलई राहत रकम उपलब्ध गराइने भएको छ। क्षतिको आधारमा अति प्रभावित, प्रभावित र सामान्य प्रभावित स्थानीय तहलाई वर्गीकरण गरी तत्काल राहत रकम उपलब्ध गराउने निर्णय गरिएको छ।

सिंहदरबारस्थित विपद् प्राधिकरणको कार्यालयमा बिहीबार गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको राष्ट्रिय विपद् व्यवस्थापन कार्यकारी समितिको २७औँ बैठकले विपद्बाट प्रभावित मुलुकका ७१ स्थानीय तहलाई राहत रकम दिने निर्णय गरेको छ। प्रभावित स्थानीय तहलाई तीन भागका वर्गीकरण गरी राहत रकमस्वरुप प्रत्येक स्थानीय तहलाई रु ५० लाखदेखि रु एक करोडसम्म उपलब्ध गराउने निर्णय गरिएको प्राधिकरणका सहसचिव वसन्त अधिकारीले जानकारी दिनुभयो। त्यसका साथै जिल्ला विपद् व्यवस्थापन समितिमार्फत तत्काल राहतस्वरुप प्रभावित पालिकालाई रकम उपलब्ध गराउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्मा सिफारिस गर्ने समेत निर्णय गरिएको उहाँले बताउनुभयो।

दीर्घकालसम्मका लागि पुनःनिर्माण र पुनःस्थापना गर्न उल्लेखित विपद्का कारण भएको विस्तृत क्षति आँकलन यथाशीघ्र गर्ने र सो प्रतिवेदनका आधारमा पुनःनिर्माण र पुनःस्थापनाको कार्य अघि बढाउन सम्बन्धित क्षेत्रगत निकायले आवश्यक व्यवस्था मिलाउने तथा सो कार्यका लागि आवश्यक बजेट व्यवस्थापन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको सहसचिव अधिकारीले बताउनुभयो।

त्यसैगरी गत वर्ष जाजरकोट, बझाङ र डोटीमा गएको भूकम्प पश्चातको क्षति आँकलन तत्काल अघि बढाएर स्थायी निजी आवास पुनःनिर्माण प्रक्रियाको विस्तृत कार्ययोजना तयार गर्न प्राधिकरणलाई निर्देश गर्ने निर्णय गरिएको छ।

त्यसैगरी मनसुन अवधिभर (२०८१ जेठ २८ गतेदखि असोज २६ गतेसम्म) भएका विभिन्न विपद्जन्य घटनामा मृत्यु भएका व्यक्तिका परिवारलाई निःशुल्क स्वास्थ्य बिमाको प्रबन्ध स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने र निःशुल्क स्वास्थ्य बीमाको प्रबन्ध गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने समेत निर्णय गरिएको छ।

विपद्को घटनापश्चात् खोज तथा उद्धार कार्यमा संलग्न विभिन्न निजी क्षेत्रका संघसंस्था एवं गैरसरकारी संस्थाको सहयोग एवं संलग्नताको कदर गर्दै धन्यवाद दिने तथा आवश्यकता अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा आमन्त्रित सदस्यका रूपमा सहभागी गराउने निर्णय गरिएको छ।

बैठकमा स्वाथ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल र सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको समेत सहभागी हुनुहुन्थ्यो।

बार अध्यक्षसँग सात दिनभित्र लिखित जवाफ माग

काठमाडौँ, २ कात्तिक (रासस)।

सर्वोच्च अदालतले नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेविरुद्ध दर्ता भएको अदालतको अवहेलनासम्बन्धी मुद्दामा सात दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ।

न्यायाधीशद्वय कुमार रेग्मी र डा कुमार चुडालको संयुक्त इजलासले बिहीबार उक्त मुद्दामा प्रारम्भिक सुनुवाइ गर्दै म्याद सूचना पाएको मितिले सात दिनभित्र आफैँ वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको हो। आदेशमा भनिएको छ, “यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएको मितिले बाटोका म्यादबाहेक सात दिनभित्र आफैँ वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखितजवाफ पेस गर्नु।”

नेपाल बार एशोसिएशनका अध्यक्ष घिमिरेविरुद्ध सर्वोच्च अदालतका उपरजिस्ट्रार तथा सूचना अधिकारी गोविन्दप्रसाद घिमिरले अदालतको अवहेलनासम्बन्धी प्रतिवेदन पेस गर्नुभएको थियो। उक्त प्रतिवेदनमाथिको सुनुवाइपछि अदालतले कारण देखाउ आदेश जारी गर्दै लिखित जवाफ माग गरेको हो।

सर्वोच्च अदालतका उपरजिस्ट्रार तथा सूचना अधिकारी घिमिरले अदालतको अवहेलनासम्बन्धी पेश गरेको प्रतिवेदन फिर्ता लिने घोषणा गर्नुभएको थियो। तर बिहीबार उक्त प्रतिवेदनमाथि सुनुवाइ हुँदै उक्त आदेश जारी भएको हो।

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

बच्ने उपाय

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी



राजविराज नगरपालिका
८ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नम्बर ८१६

मिति: २०८१/०६/२२

सुचना। सुचना। सुचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा५ परिवर्तित वडा नं ८ बस्ने स्व.धनराज विष्ट को बुहारी स्व.बम्ब बहादुर विष्ट को पत्नी जमुना देवी विष्ट यस वडा कार्यालयमा उपस्थित भई मेरो पति स्व. बम्ब बहादुर विष्ट को मृत्यु मिति २०८०/०४/१४गते आफ्नो कालगती ले भएको हो निज मृतक को सबैभन्दा नजिक नातेदार हकदार आपुताली खाने एक मात्र पत्नी जमुना देवी विष्ट रहेको हुदाँ तपसिल खण्डमा उल्लेखित जग्गा मेरो नाउमा नामसारी दा.खा दर्ता नामसारी गरी पाऊ भन्नी यस वडा कार्यालय द.नं.१३३ मिति २०८१/०६/२०गते मा निवदन पर्न आएको हुदा यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हक अंश लाग्ने अन्सियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सुचना म्याद समाप्त भई गएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन ऐन मालपोत को नाम मा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ।

तपसिल

जिल्ला	गा.वि.स/न.पा	वडा नं	कि.नं.	क्षे.फ
सप्तरी	ग.वि	५क	६८२	०-०-६

जय नारायण मण्डल
जयनारायण मण्डल
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं -८

“हरित राजविराज, सफा र समृद्ध राजविराज”
फो.नं.: ०३१-५२०६०३, ५२००३०, ५२०६५३, [illegible]: ०३१-५२०८०६, [illegible]: ०३१-५२००२०
Email: npwardno.8@hotmail.com, nagarpalikawardno.8@gmail.com
Website: http://www.rajbirajmun.gov.np
“Rajbiraj is the city of fraternity and friendship”

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

भारतबाट दुई लाख मेट्रिक टन गहुँ आयात गरिने

काठमाडौँ, २ कात्तिक (रासस) ।

नेपाली बजारमा गहुँको माग बढेपछि सरकारले भारतबाट दुई लाख मेट्रिक टन गहुँ आयात गर्ने भएको छ । बजारमा गहुँको अभाव हुने देखिएपछि केहीमात्रामा मूल्यवृद्धि भएको भन्ने उपभोक्ताको गुनासो आएपछि सरकारले गहुँ आपूर्तिका लागि पहल थालेको हो ।

भारत सरकारसँग गहुँको आयातका विषयमा समन्वय भइरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मन्त्रालयका प्रवक्ता बाबुराम अधिकारीले बताउनुभयो । मैदा व्यवसायी, चाउचाउ तथा बिस्कुट उत्पादकलगायत व्यवसायीबाट गहुँ, पिठो र मैदा सहजरुपमा आपूर्तिको माग आएपछि गहुँ आयातको पहल थालिएका र यसप्रति भारत सरकार सकारात्मक रहेको उहाँले बताउनुभयो ।

मैदा व्यवसायीले भने गहुँ आयातमा भन्सार शुल्क घटाउन र आपूर्ति सहज गर्न माग गरेका छन् । व्यवसायीलाई चाडपर्वका बेला मूल्य नबढाउन मन्त्रालयले आग्रह गरेको प्रवक्ता अधिकारीले बताउनुभयो । बजारमा कृतिम अभाव सिर्जना गरी मूल्यवृद्धि गरेको पाइएमा अनुगमन गरी कारबाही गरिने मन्त्रालयले जनाएको छ ।

बजारमा गहुँको अभाव हुन थालेको र गहुँको मूल्यवृद्धि भएकाले मैदाको मूल्य बढाउन बाध्य भए पनि चाडपर्वका बेला मूल्य स्थिर गर्न मैदा उत्पादक सङ्घ सहमत भएको सङ्घका उपाध्यक्ष दिनेश अग्रवालले बताउनुभयो । नेपालमा गहुँ आपूर्ति गर्दा समस्या हुने गरेकाले उहाँले सरकारलाई सहज गरिदिन आग्रह गर्नुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले चाडपर्वका बेला अनावश्यक सञ्चय गरी कृत्रिम अभाव सिर्जना गर्ने, अनुचित नाफा लिने र सर्वसाधारण उपभोक्तालाई मर्का पार्ने विषय स्वीकार नहुने भएकाले त्यस्ता क्रियाकलापलाई निरुत्साहन गर्न सरकारले अनुगमनलाई प्रभावकारी बनाउने तथा अनुगमनका क्रममा गलत क्रियाकलाप भएको पाइएमा कानुनबमोजिम कारबाही गरिने बताउनुभयो ।

बाढी, पहिरो तथा डुबानबाट प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं, २ कात्तिक (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले भारी वर्षाका कारण यो वर्ष गएको बाढी, पहिरो तथा डुबानबाट प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १४औँ बैठकको समापन गर्दै प्रधानमन्त्री ओलीले कात्तिक मसान्तभित्र अस्थायी आवास निर्माणको रकम निकासा गरिसक्न तथा बिजुली, स्वास्थ्य, खानेपानीलगायत अवरुद्ध सेवा १५ दिनभित्र खुलाउन भन्नुभयो । उहाँले विपद्पछिको क्षतिको विस्तृत मूल्याङ्कन छिट्टैगरी पुनःनिर्माणमा अपुग हुने रकम जुटाउन दातृनिकाय वा विदेशी सरकारको सहभागितामा सम्मेलन गर्न पनि निर्देशन गर्नुभयो ।

उहाँले किसानको बालीनालीको नोक्सानी भएको स्थितिमा उनीहरुलाई क्षतिपूर्ति दिनुपर्नेमा जोड दिँदै भत्किएका कुलोहरुको मर्मत आगामी जेठ १५ भित्र गरिसक्न आग्रह गर्नुभयो ।

राष्ट्रिय परिषद्का अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री ओलीले नेपाल भूकम्पीय, पहिरो र जलवायु परिवर्तनजन्य विपद्को जोखिममा रहेकाले त्यसको पूर्वतयारी तथा सुरक्षित एकीकृत बस्ती विकासको नीतिगत तर्जुमा गर्न आग्रह गर्दै अन्यत्र आवास नभई जोखिमयुक्त स्थानमा बसेकाहरुलाई बस्ती स्थानान्तरण गर्न र अन्यत्र घर भई जोखिमयुक्त स्थानमा रहेकाहरुलाई त्यहाँबाट हटाउनुपर्ने स्पष्ट गर्नुभयो । देश र जनताको सुरक्षाका लागि पारदर्शी रुपमा पहिराको जोखिम भएका स्थानमा वनक्षेत्र विस्तार गर्न र कतिपय वनक्षेत्रमा सुरक्षित बस्ती विकासको योजना पनि अघि बढाउन सकिने उहाँको भनाइ राख्नुभयो ।

एमाले-काँग्रेस ...

अभियान्ताहरुको विस्तारित बैठकलाई सम्बोधन गर्दै उनले यस्तो दाबी गरेका हुन् ।

पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले जनताको सुरक्षा, राष्ट्रिय सम्पत्तिको रक्षा र राष्ट्रिय हितमा काम गर्न सरकार असफल भएको भन्द्र काँग्रेस-एमाले गठबन्धनका कारण मुलुक थप संकटमा धकेलिएको बताए ।

काँग्रेस र कम्युनिस्ट पार्टीकै कारण देश जर्जर अवस्था पुगेको बताउँदै अध्यक्ष यादवले यी दुई पार्टीबाट देश कहिलै नबन्ने दावी गरे । अध्यक्ष यादवले मधेस आन्दोलनबाट प्राप्त संघीयता, समानुपातिक समाबेशी प्रतिनिधित्व समाप्त पार्ने षड्यन्त्र काँग्रेस र कम्युनिस्ट पार्टीको गठबन्धन सरकारले गरीरहेको दोषारोपन समेत गरे ।

जसपा नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतमा सम्पन्न कार्यक्रममा जसपा नेपालका केन्द्रीय उपाध्यक्ष एवम् राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमर सिंह यादव, जसपा नेपालका केन्द्रीय सचिब एवम् पुर्व अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह लगायतले मधेश आन्दोलनबाट प्राप्त पहिचान, प्रतिनिधि र अधिकार संरक्षणका लागि संगठित हुनुपर्नेमा जोड दिए ।

डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

सुरुङ्गा नगरपालिका सप्तरी



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८१/०६/१६

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

[illegible] २००४ सालको [illegible] बमोजिम रैती नं.४५ ठीठर मिया सानोको नाममा दर्ता [illegible]का साविक [illegible] जगदर मौजे जगदरीको सा.कि.नं. ४६० को ज.बि. ०-१-३ हाल तपसिल [illegible] नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.बि.समलेठ वडा नं. ८ हाल राजविराज न.पा. वडा नं. ९ बस्ने ठीठर मियाको नाति ईसुफ मियाको छोरा मोहम्द गुलाम रसुलको यस कार्यालयमा द.नं. २९८२ मिति २०८१/०५/१७ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०६/१५मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु [illegible] अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, [illegible]घाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा [illegible] भएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा [illegible] उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

साविक कि.नं.	साविक दर्तावाला	गा.वि.स.	वडा नं.	हालको कि.नं.	क्षेत्रफल	हालको दर्तावाला	कैफियत
४६०	ठीटर मिया सानो	[illegible]	८	३६	०-१-९	मोहम्द गुलाम रसुल	यो जग्गा फिल्डबुकमा किसानको महल खाली, ज.ध. महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको

नायब सुब्बा

विश्व समाचार

हमास प्रमुखको मृत्यु भएको इजरायली प्रधानमन्त्री नेतन्याहूद्वारा जानकारी

तेल अभिभ, २ कात्तिक (रासस/एएफपी) ।

प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास) का प्रमुख तथा गत वर्ष अक्टोबर ७ मा भएको भयानक आक्रमणका मुख्य योजनाकार याह्या सिनवारको मृत्यु भएको इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बिहीबार राति पुष्टि गर्नुभएको छ । प्रधानमन्त्री नेतन्याहूले आफ्ना सहयोगीलाई हमास प्रमुखको मृत्युबारे इजरायली बन्धकका परिवारलाई जानकारी दिन पनि निर्देशन दिनुभएको छ ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले हमास प्रमुखको मृत्यु 'न्यायिक' भएको बताउनुभएको छ। "हमासले इजरायलका लागि निम्त्याएको खतरालाई निर्मूल पार्नुपर्छ," अर्को महिना हुने अमेरिकी राष्ट्रपतीय चुनावका लागि डेमाक्र्याटिक उम्मेदवार ह्यारिसले भन्नुभयो, "परिणामस्वरुप विश्वले सुरक्षित महशुस गर्न सक्नेछ र पीडितका परिवारले राहत महसुस गर्नेछन् ।"

इजरायली रक्षा बल (आईडीएफ) ले गाजामा आफ्नो कारबाहीका क्रममा तीन जना हमास लडाकू मारिएको पुष्टि गरेको थियो । इजरायली आक्रमणमा मृत्यु भएका तीन लडाकूमध्ये एक हमासका प्रमुख याह्या सिनवार भएको बताइएको छ । आईडीएफले एक्समा एक पोस्ट शेयर गर्दै लेखेको छ, "गाजामा आईडीएफ अपरेसनको क्रममा तीन जना मारिएका थिए । आईडीएफ र आईएसएले आतंकवादीमध्ये एक याह्या सिनवार भएको सम्भावनाको वैज्ञानिक पुष्टि गर्न आवश्यक जाँच भइरहेको छ ।"

मङ्गलबार आईडीएफ र शिन बेट सुरक्षा निकायले अक्टोबर ७ मा भएको आक्रमणमा सहभागी हमासका तीन 'आतङ्ककारी' हालैका दिनमा भएका हवाई आक्रमणमा मारिएको जनाएको छ । इजरायलले लेबनानमा गरेको हवाई आक्रमणमा हिजबुल्लाहका अर्का उच्च पदस्थ नेता हसन नसरल्लाहको मृत्यु भएको केही हप्तापछि यो घटना भएको हो । यसअघि हमासका अर्का वरिष्ठ नेता इस्माइल हनियाको इरानमा मृत्यु भएको थियो । तेहरान र हमासले हनियाको मृत्यु भएको घटनामा आक्रमणको आरोप इजरायलमाथि लगाए पनि इजरायलले न त यो आरोप स्वीकारेको छ न त अस्वीकार नै गरेको छ ।

हालै आईडीएफले गाजामा हमास सरकारका प्रमुख राउही मुश्ताहा र हमासको राजनीतिक ब्युरोमा सुरक्षा जिम्मेवारी सम्हालेका समेह अल सिराजसहित हमासका उच्च पदस्थ अधिकारीहरूको मृत्यु भएको जनाएको थियो । टाइम्स अफ इजरायलका अनुसार मङ्गलबार आइडीएफले जाबालियामा भएको हवाई आक्रमण र भिडन्तमा हमासका करिब २० जना लडाकू मारिएको जनाएको छ । इजरायली सेनाका अनुसार युद्धका क्रममा सेनाले एउटा हतियार डिपो र अन्य हतियार पनि फेला पारी नष्ट गरेको छ । सेनाले भनेको छ, "यो अभियान आवश्यक भएसम्म जारी रहनेछ र योजनाबद्ध रूपमा आक्रमण र त्यस क्षेत्रमा रहेका आतङ्कवादी संरचनालाई पूर्ण रूपमा नष्ट गरिनेछ ।" सोमबार आइडीएफले उत्तरी गाजाका बेइट हनौन, जबालिया र बेइट लहियाका प्यालेस्टिनीहरूलाई गाजाको दक्षिणमा रहेको इजरायलद्वारा निर्दिष्ट मानवीय क्षेत्रमा स्थानान्तरण गर्न आदेश दिएको टाइम्स अफ इजरायलले जनाएको छ ।

विद्यार्थी प्रदर्शनपछि शुक्रबार शैक्षिक संस्था बन्द गर्न पाकिस्तानी प्रशासनको निर्देशन

लाहोर, २ कात्तिक (रासस/एएफपी) ।

पाकिस्तानको सबैभन्दा बढी जनसङ्ख्या भएको पञ्जाब प्रान्तका अधिकारीहरूले शुक्रबारका लागि सबै शैक्षिक संस्थाहरू बन्द गर्न निर्देशन दिएका छन् । पूर्वप्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म समावेश गरिएको बन्दले पूर्वी पञ्जाब प्रान्तमा वयस्क विद्यार्थीका अतिरिक्त लगभग दुई करोड ६० लाख बालबालिका प्रभावित हुनेछन् । प्रान्तीय राजधानी लाहोरमा 'पञ्जाब कलेज फर वुमेन' को एक भवनको पार्किङस्थल (भुईतल्ला)मा एक छात्रामाथि बलात्कार भएको समाचार सामाजिक सञ्जालमा फैलिएपछि प्रदर्शन सुरु भएको हो ।

प्रहरी, कलेज र प्रान्तीय सरकारले कुनै पनि पीडित अगाडि नआएको र अनलाइनमा आएको गलत सूचनालाई आधार मानेर आन्दोलित नहुन सर्वसाधारणलाई आग्रह गरेका छन् । त्यसपछि लाहोरका साथै राजधानी इस्लामावादसँग जोडिएको रावलपिण्डी सहरका क्याम्पसहरूमा प्रदर्शनहरू फैलिएका छन् र विद्यार्थीहरूले अधिकारीहरूले यसलाई ढाकछोप गरेको आरोप लगाएका छन् । रावलपिण्डीका वरिष्ठ प्रहरी अधिकारी सैयद खालिद महमुद हमदानीले बिहीबार शहरमा भएको प्रदर्शनमा तोडफोड र आगजनी गरेको आरोपमा ३८० जनालाई पक्राउ गरिएको र अनुसन्धान जारी रहेको बताउनुभएको छ ।

उहाँले एएफपीसँग भन्नुभयो, "हामी सामाजिक सञ्जालबाट हिंसात्मक गतिविधिमा सम्लग्न व्यक्तिको खोजी गर्नेछौं ।" पञ्जाबको शिक्षा र आन्तरिक विभागले बिहीबार अबेर राति तीन छुट्टाछुट्टै सूचना जारी गर्दै सबै शैक्षिक विभागहरू बन्द गर्न आदेश दिएको छ । प्रान्तीय आन्तरिकमामिला मन्त्रालयले पनि शुक्रबार र शनिबार भेला हुन प्रतिबन्ध लगाएको छ । रावलपिण्डीमा बिहीबार प्रदर्शन गरिरहेका १९ वर्षीय एक विद्यार्थीले भने, "उनीहरूले आफ्नो संस्थाको साख जोगाउनका लागि सत्यलाई ढाकछोप गर्न सरकार र उच्च अधिकारीहरूलाई घूस दिएका छन् ।"

यी प्रदर्शनहरूले पाकिस्तानी विद्यार्थीहरूको सुरक्षा, उत्पीडन र कलेजहरूमा महिलाहरूमाथि हुने यौन दुर्व्यवहारका साथै अधिकारी प्रतिको अविश्वासप्रति गहिरो चिन्ता व्यक्त गर्दछ । प्रदर्शनकारीहरूले लाहोरस्थित क्याम्पसहरूमा झ्यालहरू तोडफोड गर्नुका साथै विद्यालयका सवारी साधन (स्कूल बस) हरूमा आगजनी गरेका छन् । प्रदर्शनका क्रममा कैयौँ स्थानमा विद्यार्थी र प्रहरीबीच झडपसमेत भएको छ । प्रहरीले अनलाइन पोष्टमा पहिचान गरिएको भन्दै एक सुरक्षा गार्डलाई पक्राउ गरेको छ तर कुनै पनि पीडित अगाडि नआएको र उनीहरूले बलात्कारको आरोप पुष्टि गर्न नसकेको बताएका छन् ।

लाहोरका निजी पञ्जाब ग्रुप अफ कलेजका निर्देशक आरिफ चौधरीले बुधबार आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "वास्तवमा यो घटनासँग सम्बन्धित कोही पनि व्यक्ति भेटिएको छैन ।" उनले भने, 'म राजीनामा दिन्छु र यो पेशा त्यागेर यदि घटना घट्यो भने म विद्यार्थीको साथमा उभिनेछु । सो प्रान्तकी मुख्यमन्त्री मरियम नवाज सरिफले गलत पोस्ट फैलाउनेलाई दण्डित गरिने बताउनुभएको छ ।

देशभर बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइँदै

काठमाडौँ, २ कात्तिक (रासस)।

बालबालिकालाई शुक्रबार र शनिबार देशैभर भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदैछ। स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाका पोषण शाखा प्रमुख लीला विक्रम थापाले कात्तिक २ र ३ गते ५ वर्ष मुनिका बालबालिकालाई लक्षित गरी कार्यक्रम गरिने बताउनुभयो।

उहाँले सात सय ५३ स्थानीय तहमा यस्को व्यवस्था रहेको जनाउँदै पायकपर्ने स्थान विद्यालय, वडा कार्यालयमा स्वस्थ्य स्वयंसेविकालाई परिचालन गरिएको बताउनुभयो। राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत हरेक वर्ष ६ महिनादेखि पाँच वर्ष मुनिका बालबालिकालाई भिटामिन 'ए' क्यापसुल तथा एक वर्षदेखि पाँच वर्ष मुनिका बालबालिकालाई जुकाको औषधि खुवाइने गरिएको छ।

उहाँले भन्नुभयो,"बालबालिकाको सर्वाङ्गीण विकासको लागि खोप र पोषण दुवै अपरिहार्य आवश्यक छ। ६ महिनादेखि ५ वर्ष मुनिका करिब २१ लाख बालबालिकालाई भिटामिन 'ए' र एक देखि पाँच वर्ष मुनिका बालबालिकालाई १८ देखि १९ लाख बालबालिकालाई जुकाको औषधि खुवाइने लक्ष्य लिएका छौँ।"

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यसकाबारेमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको छ।

सरकारलाई ज्ञापनपत्र बुझाउने प्रतिपक्षी दलको निर्णय

काठमाडौँ, २ कात्तिक (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) लगायत प्रतिपक्ष दलले संयुक्त रुपमा सरकारलाई ज्ञापनपत्र बझाउने भएको छ।

नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनको ल्होत्से हलमा शुक्रबारको बैठकले समसामयिक जनसरोकारका विभिन्न विषय समावेश गरी सरकारलाई ज्ञापनपत्र बुझाउने सहमति गरेको एकीकृत समावादीका नेता राजेन्द्र पाण्डेले जानकारी दिनुभयो।

माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आह्वान गर्नुभएको बैठकले बाढीपहिरोको पूर्वतयारी, खोज, उद्धार, उपचार र पुनःस्थापनाबारे सरकारको ध्यानाकर्षण गराउने निर्णय समेत गरेको छ।

माओवादी केन्द्रका नेता शक्तिबहादुर बस्नेतले बैठकमा समसामयिक विषयमा छलफल भएको जानकारी दिनुभयो। "खासगरी प्रतिपक्षी पार्टीको तर्फबाट जनसरोकारका मुद्दामा सरकारको ध्यानाकर्षण गराउने र ज्ञापनपत्र पेस गर्ने भन्ने समझदारी भएको छ", नेता बस्नेतले भन्नुभयो।

बैठकमा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेताहरु महन्त ठाकुर, प्रभु साह, रास्वपा सभापति रवि लामिछाने तथा उपसभापतिहरु डिपी अर्याल र डा स्वर्णिम वाग्ले नेताहरु शिशिर खनाल, सुमना श्रेष्ठ र विराजभक्त श्रेष्ठको सहभागिता रहेको थियो।

सेवा रेमिटको अनुमतिपत्र खारेज

काठमाडौँ, २ कात्तिक (रासस)।

नेपाल राष्ट्र बैंकले सेवा रेमिट प्रालिको इजाजतपत्र खारेज गरेको छ। केन्द्रीय बैंकले शुक्रबार एक सूचनामार्फत विप्रेषण कारोबार गर्न अनुमति प्राप्त गरेको सो कम्पनीको इजाजतपत्र खारेज गरिएको जानकारी दिएको हो।

नेपाल राष्ट्र बैंक, विप्रेषण विनियमावली, २०७९ बमोजिम खारेज हुने देखिएकाले विप्रेषण कारोबारको सिलसिलामा सो कम्पनीसँग कुनै पनि व्यक्ति वा संस्थाले लिन बाँकी रहेको भए जानकारी दिन केन्द्रीय बैंकले जनाएको छ।

बैंकले कुनै लेनदेन बाँकी रहेको भए सूचना प्रकाशित भएकाले ३५ दिनभित्र जानकारी गराउन आग्रह गरिएको छ। सो म्यादभित्र लिखित जानकारी प्राप्त हुन नआएमा सेवा रेमिट प्रालिको बैंक जमानत फुकुवा हुने व्योहोरा सूचनामा उल्लेख छ।

डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

बाढी प्रभावित ...

पहिचान र सूची तयार गरि नगद सहयोग बितरण गरिएको जनाएका छन्।

यता शुक्रबारै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका केही वडाका बाढी पीडितहरुले हालसम्म राहत बितरण भएका र अब पाउन बाँकी रहेकाहरुको नामावली सार्वजनिक गर्न, बास्तविक बाढी पीडितलाई राहत उपलब्ध गराउन, राहत बितरण प्रक्रियालाई व्यवस्थित बनाउन तथा राहत बितरण प्रक्रियाको छानबिन हुनु पर्ने लगायतका माग राख्दै प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीलाई ज्ञापनपत्र बुझाएका छन्।

जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो।

बालविवाह नगरौं नगराऔं।

बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"

जनहितका लागि

तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालय, सप्तरी

निमोनियाबाट बचौं र बचाऔं

फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरु:

➢ज्वरो आउने, खोकी लाग्ने,

➢स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,

➢स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,

➢शरिर निलो हुने,

यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुँदा,

त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउको दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

बच्ने उपाय

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*